कार्यपालिकाबाट स्वीकृत मिति :२०७८।०४।०३

# सिलीचोङ गाउँपालिकाको ब्याकहो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

राम बहादुर राई
अध्यक्ष
सिलिचोङ गाउँपालिका


सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताम्कू, सङ्खुवासभा
१ नं. प्रदेश, नेपाल

# सिलिचोङ गाउँपालिकाको ब्याकहो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

कार्यपालिकाबाट अनुमोदन भएको मिति
२०७८।०४।०३

सिलीचोङ गाउँपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास, तथा मर्मत संभार गर्न यस कार्यालयको स्वामित्वमा रहेको ब्याकहो लोडर देहायका शर्त एवं बन्देजमा रही सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले सिलीचोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि सिलीचोङ गाउँपालिको ८५ औं कार्यपालिका बैठकले "सिलिचोङ गाउँपालिकाको ब्याकहो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७८" स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम " सिलिचोङ गाउँपालिकाको ब्याकहो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(ख) यो कार्यविधि गाउँपालिकाका बैठकबाट स्वीकृत भएको मिति देखि लागू हुने छ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) **"गाउँपालिका"** भन्नाले सिलीचोङ गाउँपालिका लाई सम्झनु पर्दछ।

(ग) **"कार्यालय"** भन्नाले सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लाई सम्झनु पर्दछ।

(घ) **"लोडर"** भन्नाले गाउँ कार्यपालिकाको स्वामित्वमा रहेको ब्याकहो लोडरलाई सम्झनु पर्दछ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिलीचोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(च) **"शाखा प्रमुख"** भन्नाले गाउँपालिकाको प्रशासन शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

(छ) **"संयोजक"** भन्नाले गाउँपालिकाको पूर्वाधार विकास समितिको संयोजकलाई सम्झनु पर्दछ।

राम बहादुर ...
अध्यक्ष
सिलिचोङ गाउँपालिका

(ज) **"जिन्सी शाखा"** भन्नाले गाउँपालिकाको जिन्सी शाखालाई सम्झनु पर्दछ ।

३. <u>उद्धेश्य :</u> सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकासका योजनाहरु, बिपद व्यवस्थापन तथा मर्मत संभारका कार्यहरु तथा स्थानीय गाउँबासी र उपभोक्ता समितिबाट सञ्चालित विकास निर्माणका कार्यहरुमा गाउँपालिकाको स्वामित्वमा रहेको लोडर प्राथमिकताका आधारमा प्रयोगमा ल्याउनको लागि आवश्यक व्यवस्थापन गर्नु कार्यविधिको प्रमुख उद्धेश्य रहने छ ।

४. <u>सञ्चालन विधि :</u> गाउँपालिकाको स्वामित्वमा रहेको लोडर सञ्चालनका लागि देहायको प्रकृया पुरा गर्नु पर्नेछ :-

(क) लोडर माग गर्ने व्यक्ति वा संस्थाले कार्यालयले स्वीकृत गरेको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(ख) लोडर माग गर्ने व्यक्ति वा संस्थाको निवेदन उपर छानविन गरि के कति समयका लागि माग गरिएको हो, माग गरिएको समय बराबरको रकम कार्यालयमा दाखिला गराई अनुसूची-२ बमोजिमको ढाँचामा लोडर प्रयोग गर्न स्वीकृती दिईनेछ । यस्तो स्वीकृती दिने अधिकार शाखा प्रमुखको हुनेछ ।

(ग) लोडर माग गर्ने व्यक्ति, संस्था वा उपभोक्ताले प्रयोग भएको समयको आधारमा लाग्ने शुल्क बुझाउने शर्तमा गाउँपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाइने छ । यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी लोडर खटाउने व्यवस्था संयोजकसंग आवश्यक समन्वय गरी शाखा प्रमुखले मिलाउने छ ।

(घ) निवेदकले माग गरेको समय भन्दा बढी समय सम्म काम काज गर्नु गराउनु पर्ने भएमा लोडर अपरेटरले तत्काल शाखा प्रमुखलाई जानकारी गराई शाखा प्रमुखबाट थप कार्यादेश लिएर सञ्चालन गर्नु पर्ने हुन्छ ।

(ङ) कार्यालयको आदेश बिना कुनै स्थान विशेषमा लोडर लागि काम गर्न गराउन पाउने छैन ।

(च) लोडर प्रयोग गरे बापतको प्रयोगकर्ताले अनुमान गरे बराबरको समयको अनुसुचि ४ बमोजिमको रकम कार्य सुरु गर्नु अगावै दाखिला गरेपस्चात मात्र मेशिन प्रयोगको अनुमति दिईने छ ।

(छ) मेशिन प्रयोगकर्ताले समयमा मेशिन प्रयोग गरेबापतको शुल्क दखिला नगरेमा प्रतिदिन एक प्रतिशतको दरले जरिवाना सहित असुल गरिने छ । प्रयोगकर्ताले १ महिनासम्म पनि



राम बहादुर राई
अध्यक्ष
सिलिचोङ गाउँपालिका

जरिवाना सहित शुल्क दाखिला नगरेमा कार्यलयबाट निजले प्राप्त गर्ने कुनै प्रकारको भुक्तानि भएमा सोहि रकमबाट र त्यस्तो भुक्तानि लिनुपर्ने नभएमा निजको चल अचल सम्पत्तिबाट प्रतिदिन २ प्रतिशत जरिवाना सहित असुल गरिने छ । उपभोक्ता समितिबाट लोडरको प्रयोग भएको अवस्थामा निवेदन वा अन्य कागजातमा सहिछाप गर्ने व्यक्ती वा सम्पर्क गर्ने व्यवक्ति उत्तरदायी हुनेछ ।

(ज) मेशिन खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चात मेसिन अपरेटरले कामको विवरण सहित मिटरको अद्यावधिक अभिलेख (लगबुक) शाखा प्रमुख समक्ष पेश गरी प्रमाणित गराई राख्नु पर्नेछ ।

(झ) कार्यालयबाट पुर्वाधार निर्माण, विपद व्यवस्थापन तथा मर्मत संभार संग सम्वन्धित कार्य तत्कालै गर्नुपर्ने परिस्थिती सिर्जना भएमा शाखा प्रमुखले प्रमुख प्रशासकिय अधिकृत र संयोजक संग परामर्श गरि कार्यालय बट सोझै तत्कालै कार्य गराउन सक्नेछ । उक्त कार्य तत्कालै गर्नुपर्ने मनासिव कारण, काम गर्नुभन्दा अघि पछिको फोटो, इन्धन लागबुल लगायत विवरण अद्यावधिक गरी लगत खडा गर्ने कर्तव्य शाखा प्रमुखको हुनेछ । कार्यालयबाट पुर्वाधार निर्माण, विपद व्यवस्थापन तथा मर्मत संभार संग सम्वन्धित कार्य तत्कालै गर्नुपर्ने अवस्था नभएमा प्राविधिक प्रतिवेदन तयार गराई सो का आधारमा मात्र शाखा प्रमुखले सोझै कार्य गराउन सक्नेछ । उक्त कार्यको विवरण अद्यावधिक गरी लगत खडा गर्ने कर्तव्य शाखा प्रमुखको हुनेछ ।

५. **इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था :**

(क) मेसिन प्रयोग गर्दा आवश्यक पर्ने इन्धन सकेसम्म प्रयोगकर्ता स्वयम्ले गर्नु पर्नेछ । यदि कुनै कारण वश प्रयोगकर्ताले इन्धनको व्यवस्था गर्न नसक्ने तर मेशिन प्रयोगको अनुमति दिनैपर्ने विशेष कारण भएमा मात्र शाखा प्रमुखले अनुसुचि ४ बमोजिमको शुल्क लिएर लोडर प्रयोगको अनुमति दिन सकिने छ ।

(ख) लुब्रिकेन्टस र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत विवरण कार्यालयको जिन्सी शाखाले अद्यावधिक गर्नु पर्नेछ ।

(ग) लोडर बिग्रिएमा सोको लिखित जानकारी लोडर अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ । कार्यालयबाट लोडर मर्मत गर्नुपर्ने अवस्था देखिएमा मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण सहित अनुसूची -३ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भए बमोजिम मर्मत गराउनु पर्नेछ ।

राम बहादुर राई
अध्यक्ष
सिलिचोङ गाउँपालिका

६. **कर्मचारी व्यवस्था :**

(क) लोडर सञ्चालनका लागि आवश्यक पर्ने अपरेटर तथ सहयोगि आवश्यक प्रकृया पुरा गरी सेवा करारमा लिन सकिनेछ । लोडर सहयोगिले प्रत्यक्ष रुपमा अपरेटरको नियन्त्रण र निर्देशनमा कार्य गर्नुपर्नेछ ।

(ख) लोडर अपरेटरले शाखा प्रमुखले दिएको कार्यविवरण र निर्देशन विपरित काम गरी कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गर्नुपर्ने भए सो समेत गरिने छ ।

७. **लोडर सञ्चालन समिति :**

(क) लोडरलाई सञ्चालन तथा व्यवस्थापनको लागि तपशिल बमोजिमको एक समिति रहने छ :

- संयोजक, पुर्वाधार विकास समिति - संयोजक
- गाउँपालिका अक्षले तोकेको कार्यपालिका सदस्य १ जना - सदस्य
- इन्जिनियर - सदस्य
- प्रमुख, जिन्सी शाखा - सदस्य
- शाखा प्रमुख - सदस्य सचिव

(ख)लोडर संचालन समितिले गाउँपालिका अध्यक्ष, सम्वन्धित वडाको वडाध्यक्ष तथा प्रमुख प्रशासकिय अधिकृतको परामर्शमा कार्य गर्नु पर्नेछ । लोडर संचालन सम्बन्धि खर्च तथा अन्य कार्यहरु कम्तिमा ३ महिनामा एक पटक समितिको बैठक राखि उक्त बैठकमा छलफल गराई समितिबाट अनुमोदन गराउनु पर्नेछ ।

८. **विविध :**

(क) लोडरको माईल मिटर लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेसिन अपरेटरको हुनेछ ।

(ख) लोडर कार्यालयको पूर्ण नियन्त्रणमा रहनेछ । शाखा प्रमुखले लोडर चुस्त दुरुस्त राखी सोको विवरण अद्यावधिक राख्न ध्यान दिनु पर्नेछ ।

(ग) पुर्वाधार विकास समितिको संयोजक र प्रमुख प्रशासकिय अधिकृतसंग शाखा प्रमुखले आवश्यक समन्वय गरी लोडर खटाउने सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(घ) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ



... बहादुर राई

अनुसूची -१

**ब्याकहो लोडर माग सम्बन्धी निवेदन**

ब्याकहो लोडर संचालन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ (क) संग सम्बन्धित

श्रीमान् शाखा प्रमुखज्यू,
प्रशासन शाखा,
सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय ।

विषय : ब्याकहो लोडर उपलब्ध गराई पाउँ ।

महोदय,
यस कार्यालयको ब्याकहो लोडर आवश्यक परेकोले नियामनुसार लाग्ने शुल्क दाखिला गरि दाखिला भौचर सहित देहायको विवरण भरी माग गरेको छु/छौं । ब्याकहो लोडर उपलब्ध गराई पाउँ ।

**ब्याकहो लोडर माग गर्नेले भर्ने**

| ब्याकहो लोडर माग गर्ने व्यक्ति/संस्था/उपभोक्ता समितिको नाम, ठेगाना | कामको विवरण | ब्याकहो लोडर प्रयोग हुने स्थान | अनुमानित समय | दाखिला रकम |
|---|---|---|---|---|
| | | | | |

लोडर माग गर्नेको नाम :
पद:
सम्पर्क नं.
माग गर्नेको दस्तखत :
मितिः
उपभोक्ता समितिको छाप :

## अनुसूची -२

**<u>ब्याकहो लोडर सञ्चालन सम्बन्धी स्वीकृती पत्र</u>**

(ब्याकहो लोडर संचालन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ ख बमोजिम)

| ब्याकहो लोडर माग कर्ताको नाम, ठेगाना, सम्पर्क नं. | गाउँपालिकाबाट खटिने स्थान सम्म लाग्ने अनुमानित समय | माग गरिएको दिन र समय | अनुमानित समयको शुल्क |
|---|---|---|---|
| | | | |

स्विकृती दिने पदाधिकारिको नाम:

पद:

दस्तखत :

मिती :

राम बहादुर राई
अध्यक्ष
सिलिचोङ गाउँपालिका

सिलिचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तामफु, संखुवासभा
१ नं. प्रदेश, नेपाल
२०७३

## अनुसूची -३

(ब्याकहो लोडर संचालन सम्बन्धी कार्यविधि, २०७८ को दफा ५ संग सम्बन्धित)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय ।

मिति : ....................

विषय : ब्याकहो लोडर मर्मत सम्बन्धमा ।

महोदय,

यस सिलीचोङ गाउँ कार्यपालिकाको .....................................नं. को ब्याकहो लोडरको तपशिल बमोजिमको पार्टस्मा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु । श्रीमान्को जो आदेश ।

**तपशिल**

| क्र.सं. | समस्या आएको सामान वा पार्टस्को विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | अनुमानित लागत रु. |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

मेसिन अपरेटरको दस्तखत : ..............
नाम :

शाखा प्रमुखले भर्ने :

उपरोक्त सामान फेर्नु पर्ने र मर्मत गर्नु पर्ने / नपर्ने देखिएकाले सिफारिस गर्दछु ।

.........................                                        ............................

दस्तखत                                        प्रमुख प्रशासकीय अधिकृत

राम बहादुर राई
अध्यक्ष
सिलिचोङ गाउँपालिका

अनुसुचि ४

लोडर प्रयोग शुल्क ( दफा ५ को उपदफा ख संग सम्वन्धित )

लोडर प्रयोगको लागि निवेदन दिने प्रयोगकर्ताले उल्लेखित दरमा शुल्क बुझाउनु पर्नेछ। यस्तो शुल्क प्रयोग स्थलसम्म जाँदा तथा आउँदा लाग्ने समयको समेत बहन गर्नु पर्नेछ।

| प्रयोगकर्ताले इन्धन आफै व्यवस्था गर्दाको शुल्क प्रतिघण्टा | कार्यालयले इन्धन उपलब्ध गरउँदाको शुल्क प्रतिघण्टा |
|---|---|
| रु.१५००।- | रु. ३०००।- |

राम बहादुर राइ
अध्यक्ष
सिलिचोङ गाउँपालिका